मिति: २०७९।०२।३०

श्री सम्पादक ज्यू

हाम्रो अर्थ डट कम

बिषय: भ्रामक समाचार खण्डन गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म विकान्त आचार्यलाई व्यक्तिगत रुपमा लक्षित गरी निक्षेप तथा कर्जा सुरक्षण कोषमा कर्मचारी मनोमानी, करारमा कर्मचारी भर्नादेखि, किस्ता मिलान, पिकनिक बिल भुक्तानी समेत कोषको नाममा भन्ने शिर्षकमा मिति २०७९।०२।२९ गते आइतबार अनलाइन मिडिया हाम्रो अर्थ डट कम (hamroartha.com) बाट प्रेसित समाचारमा मेरो गम्भीर आपत्ति रहेको छ । प्रमाण बिना उल्लेखित कपोलकल्पित विवरणहरु सम्प्रेषण गरी मेरो व्यक्तिगत चरित्र हत्या गर्ने र कार्यालयलाई समेत बदनाम गर्ने नियतवश भ्रमपूर्ण समाचार छपाइएकोमा मेरो गम्भीर ध्यानाकर्षण भएको छ । उक्त समाचारको विषय पूर्ण रुपमा गलत र तथ्यहीन रहेको व्यहोरा निम्नबमोजिमको खण्डनबाट बुझाउन चाहन्छु ।

- कोषका कर्मचारीहरु पुस २४ गते शनिबार व्यक्तिगत तवरले धुलिखेल बनभोज गएको र कर्मचारीहरु आफैबाट रकम संकलन गरी तिरेको व्यक्तिगत विषयलाई मैले उक्त पिकनिकको बिल समेत कोषमा दाखिला गरेको भनी हुदै नभएको विषयलाई भ्रम छर्न र व्यक्तिगत चरित्र हत्या गरी प्रकाशन भएको व्यहोरा पूर्णरुपमा गलत, व्यक्तिप्रेरित र काल्पनिक रहेको छ ।

- म कोषको लेखा विभागमा प्रबन्धक पदमा कार्यरत रहेको छु । कोषमा कर्मचारी भर्ना सम्बन्धमा कोषको कर्मचारी सेवा शर्त विनियमावली, २०७४ बमोजिम हुने गरेको र सो बमोजिम कोषमा लेखा विभागलाई तथा कुनै पनि प्रबन्धकलाई कर्मचारी भर्ना गर्ने अधिकार रहेको छैन । यस विषयको सामान्य जानकारी समेत नराखी मैले कर्मचारी भर्ना गरेको भनी लेखिएको विषय भ्रामक छ ।

- कोषको समयमै बैंक मिलान गरी खर्च प्रयोजनमा आवश्यक पर्ने रकम राखी कोषको लगानी विनियमावली बमोजिम लगानी हुने गरेको छ । यस सम्बन्धमा कोषको लागि आवश्यक पर्ने रकम छोटो समय बैंकको कल खातामा रहेको विषयलाई तोड मोड गरी हुँदै नभएको रु ७० करोडको हबाला दिँदै करोडौं रकम नोक्सान गरेको भनी छपाइएको विषयमा सत्यता रहेको छैन ।

- मासिक आधा लाख कमाइ भएका आचार्यले नेपाल इनभेष्टमेन्ट र माछापुच्छ्रे बैंकबाट रु ३ करोड कर्जा लिएको भन्ने सन्दर्भमा सत्यता नरहेको र मेरो तथा मेरो परिवारको सदस्यको नाममा समेत गरी तोकिएको उक्त रकम वा सोको आधा रकमको हाराहारीमा समेत कर्जा रहेको छैन । मेरो र मेरो घर परिवारको आयस्रोतको आधारमा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही मेरो परिवारले धान्न सक्ने कर्जामात्र मात्र लिएका छौं । यस विषयमा सत्यता नबुझि कसैको बहकाउमा लागेर समाचार बनाइनु आपत्तिजनक छ ।

- बैंक तथा वित्तीय संस्था तथा नेपाल सरकारको सार्वजनिक संस्थाको खाता सञ्चालनको सामान्य नियम तथा प्रक्रियामा समेत विचार नगरी कोषको खाताबाट मेरो बैंकको किस्ता मिलान हुने गरेको भन्ने कपोलकल्पिल विषयलाई प्रमाण नहेरी छापिनु खेदजनक छ ।

- सफ्टवेयर सञ्चालनमा आउन नसक्नुको मुख्य कारण पूर्व प्रमुख विष्णु मिश्रको नेतृत्वमा कोषको आवश्यकता पहिचान नगरी निर्माण हुनु रहेको र सफ्टवेयर कुनै पनि समयमा पूर्ण रुपमा संचालनमा आउन नसकेको विषयलाई तोड मोड गरी मिश्रको कार्यकालमा डेढ वर्ष संचालनमा आएको र हिसाब मिलान गर्नकै लागि मैले सो सफ्टवेयर प्रयोगमा नल्याएको भन्ने विषय पूर्ण रुपमा गलत रहेको छ ।
- कुनै पनि सरकारी तथा सार्वजनिक निकायमा कर्मचारी नियुक्तिको लागि निश्चित नियम, बिधि र प्रकृया अनुरुप लोक सेवा आयोगबाट परिक्षा हुने र लोक सेवा आयोगको समेत मानमर्दन हुने गरी कुनै स्थायी पद पूर्व प्रमुख कार्यकारी अधिकृत विष्णु बाबु मिश्रले आफैंले दिएको भन्ने विषयलाई समेत प्रमाण नहेरी समाचार बनाइएकोमा मेरो गम्भीर आपत्ति रहेको छ । यसका साथै मैले कुनै पनि सार्वजनिक संस्था वा नेपाल सरकार वा मातहतका निकायले लिने मेरो योग्यता पुग्ने परीक्षामा सहभागी हुन पाउने अधिकारलाई समेत गलत व्याख्या गरी परीक्षामा सामेल भएको, पासफेल लगायतका व्यक्तिगत विषयलाई समेत जोडी समाचार छपाउदा मेरो व्यक्तिगत गोपनियताको हक कुण्ठित भएको मैले महसुस गरेको छु ।
- कोषको एक पदबाट अर्को पदमा बढुवा हुन निश्चित अवधि पुगेपछि निश्चित प्रक्रिया पूरा हुनुपर्नेमा पूर्व प्रमुख मिश्रले आफूले डिसिइओ नबनाएकोमा मैले बिरोध गरेको भन्ने विषय आपत्तिजनक रहेको छ ।
- कुनै पनि संगठनमा कर्मचारी तथा श्रमिकको हकहितको लागि सामूहिक सौदाबाजी गर्न संविधान तथा ऐनले दिएको अधिकारको प्रयोगमा पूर्व प्रमुख मिश्रले बञ्चित गरेको र कानुन बमोजिम कोषका कर्मचारीहरुले ट्रेड यूनियन दर्ता गरेको विषय समेतलाई आपत्तिजनक रुपमा समाचार बनाइएको विषय आफैमा नियम विपरीत छ ।

कुनै व्यक्ति विशेषको निहित स्वार्थ तथा आवेशमा व्यक्तिगत रिसिइबी साँध्न प्रत्रकारिताको सामान्य सिद्धान्तको समेत पालना नगरी कसैको व्यक्तिगत मानहानी गर्ने तथा चरित्रहत्या गर्ने माध्यम बनेकोमा हाम्रोअर्थडट्कम नामक अनलाइनको यस विषयवस्तु प्रति मेरो गम्भीर आपत्ति रहेको छ । कपोलकल्पित, भ्रमपूर्ण तथा तथ्यहीन समाचारबाट भ्रमित नहुन समेत मेरो तर्फबाट सबैमा अनुरोध गर्दछु ।

निवेदक,

विकान्त आचार्य

बोधार्थ
प्रेस काउन्सिल नेपाल,
काठमाडौं